राष्ट्रिय प्रकृति संरक्षण कोष
**जैविक विविधता संरक्षण केन्द्र**
सौराहा, चितवन

# लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

(प्रथम पटक प्रकाशितः २०८२ साल आषाढ महिना १६ गते सोमबार)

राष्ट्रिय प्रकृति संरक्षण कोष जैविक विविधता संरक्षण केन्द्रको आ.व.२०८०।०८१ को भौतिक जिन्सी निरीक्षण प्रतिवेदनमा औंल्याइए बमोजिम जिन्सी किताबमा आम्दानीमा आएका सामानहरुमध्येका मर्मत सम्भार गर्दा पनि काममा प्रयोग हुन नसक्ने वा पुराना, टुटफुट तथा बेकम्मा भई पुनःप्रयोग गर्न नसकिने अवस्थाका जिन्सी सामानहरु (यन्त्र, उपकरण, फर्निचर लगायत कवाडी सामानहरु) जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना टाँस गरिएको छ । इच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. इच्छुक बोलपत्रदाताले यो सूचना टाँस भएको मितिले ७(सात)औं दिनसम्म कार्यालय समयभित्र चालू आर्थिक वर्षको नवीकरण गरेको फर्म दर्ता प्रमाणपत्र वा इजाजतपत्र, आ.व. २०८०।०८१ को करचुक्ता प्रमाणपत्र, मु.अ. करमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू निवेदनसाथ संलग्न राखी सम्बन्धित पदाधिकारीको दस्तखत र कार्यालयको छाप लागेको सिलबन्दी बोलपत्र फाराम रु.१,०००।- (अक्षरेपी एक हजार रुपैयाँ) फिर्ता नहुने गरी तिरी जैविक विविधता सरक्षण केन्द्र, सौराहा, चितवनबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका बोलपत्र फाराम सूचना प्रकाशित भएको ८(आठ)औं दिनको १२:०० बजेभित्र माथि उल्लिखित प्रमाणित कागजातहरू समेत समाबेश गरी लाहाछाप लगाई सिलबन्दी गरी खाममा फर्म नाम, ठेगाना र छापसमेत लगाई प्रशासन शाखामा दाखिला गरिसक्नु पर्नेछ । यसरी दाखिला हुन आएका बोलपत्रहरू सोही दिनको २:३० बजे बोलपत्रादाता वा निजको प्रतिनिधिको रोहवरमा जैविक विविधता सरक्षण केन्द्र, सौराहा, चितवनमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. एक फर्म वा संस्थाको नामबाट खरिद भएको सिलबन्दी बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।

४. लिलाममा राखिएका सामग्रीहरूको विवरणका सम्बन्धमा कार्यालय समयभित्र जैविक विविधता संरक्षण केन्द्र, सौराहा, चितवनको भण्डारमा सम्पर्क गर्न सकिनेछ ।

५. सिलबन्दी बोलपत्रमा दररेट भर्दा मु.अ.कर बाहेकको रकम अङ्क र अक्षर दुबैमा स्पष्टसँग बुझिने गरी लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. बोलपत्रदाताले धरौटी बापतको रकम बोलपत्रमा कबोल गरेको रकमको १० प्रतिशतका दरले हुन आउने एकमुष्ट रकम **प्रभु बैंक लिमिटेड, सौराहा शाखा,** बैंक खातावालाको नामः **NTNC-BCC** को नाममा रहेको **चल्ती बैंक खाता नम्बरः ०४१००२९७९९७०००५१** मा नगद जम्मा गरेको सक्कल बैंक भौचर अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । यदि धरौटी बापतको रकम जम्मा गरेको सक्कल बैंक भौचर पेश नगरेमा बोलपत्र रद्द गरिनेछ ।

७. आवश्यक कागजातहरू नभएको, रित नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, बोलपत्र सिलबन्दी लाहाछाप भई नआएको, तोकिएको ढाँचामा नभएको, बोलपत्रदाता वा सोको प्रतिनिधिको सही तथा छाप नभएको, केरमेट गरी दस्तखत नभएको र अधुरो किसिमले भरिएको र न्यूनतम मूल्यभन्दा घटी अङ्कित भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन । साथै सिलबन्दी बोलपत्रको खाम बाहिर फर्म, कम्पनी वा संस्थाको नाम, ठेगाना लेखी छापसमेत लगाउनु पर्नेछ ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोलगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा हुनेछ ।

९. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने वा सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार यस जैविक विविधता सरक्षण केन्द्रसँग सुरक्षित रहनेछ ।

१०. लिलाम समितिले निर्धारण गरेको सम्पूर्ण सामानहरूको न्यूनतम मूल्य मु.अ.कर बाहेक रु.१८८,३२५।- (अक्षेरुपी एक लाख अठासी हजार तीन सय पच्चीस रुपैयाँ) मात्र कायम गरिएको छ ।

११. जैविक विविधता सरक्षण केन्द्र, सौराहाको कार्यालय समय आइतबारदेखि विहिबार विहान १० बजेदेखि साँझ ५ बजेसम्म र शुक्रबार १० बजेदेखि दिनको ३ बजेसम्म हुनेछ ।

१२. यो सूचनामा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।






अनिल प्रसाई
संयोजक/वरिष्ठ संरक्षण अधिकृत
लिलाम बिक्री तथा मिनाहा समिति
जैविक विविधता संरक्षण केन्द्र
सौराहा, चितवन
सम्पर्क नम्बरः ९८५५०९२२६२
कार्यालय टेलिफोन नम्बरः ०५६-५८००६२